# बैठक नं. १२

## २०७४ साल माघ १२ गते

आज मिति २०७४ साल माघ १२ गते शुत्रबारका दिन मुसिकोट नगरपालिका नगर प्रमुख श्री देविलाल गौतम ज्यूको अध्यक्षतामा बैठक बसी तपशिलको उपस्थितिमा निम्न निर्णयहरु पारित गरियो ।

**निर्णय नं. १**

यस मुसिकोट नगरपालिका अन्तरगत रहेका परम्परागत कला र संस्कृतिको संरक्षणका लागि भिडियो डकुमेन्ट्री निर्माणका लागि लोक दोहरी प्रतिष्ठान रुकुमलाई रु.२,५०,०००।-(अक्षरुपी दुई लाख पचास हजार रुपैया) मात्र आर्थिक सहयोग गर्ने र रुकुम साहित्य परिषदलाई ३५,०००।-(अक्षरुपी पैतिस हजार) मात्र आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस मुसिकोट नगरपालिकाबाट संचालित आयोजना/ योजनाहरुको सम्पुर्ण कार्य सम्पन्न भई तपशिललका आवश्यक कागजात पेश गरेमा नियम अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

तपशिलः-

१. योजनाको सम्झौताका
२. लागत स्टमेट
३. प्राविधिक कार्यसम्पन्न मूल्यांकन प्रतिवेदन
४. कार्य सम्पन्न प्रतिवेदन
५. उपभोक्ता समितिको निर्णय/ सामाजिक लेखा परिक्षण
६. अनुगमन समितिको प्रतिवेदन (५ लाग भन्दा बढीको बाट र सो भन्दा तलको योजनाहरुको हकमा वडा कार्यालयको अनुगमन समितिको प्रतिवेदन)
७. वडा कार्यालयको सिफरीस
८. विलभरपाई (भ्याट विल २० हजार भन्दा माथिको) डोजर नगरपालिका सुचिकृत भएको हुनुपर्ने छ
९. योजनाका फोटोहरु
१०. सुचना पाटीका फोटोहरु
११. भुक्तानीको लागि निवेदन ।

**निर्णय नं. ३**

पुर्वाधार विकास समितिबाट मिति २०७४ माघ ११ गते भएका निर्णयहरुलाई यस नगर कार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

यस मुसिकोट नगर कार्यपालिका कार्यालय संचालन तथा उप-प्रमुखको निवासका लागि मासिक रु.२५,०००।-(अक्षरुपी पच्चीस हजार) रुपैया घरभाडा भुक्तानी दिने गरी मिति २०७४/१०/१४ गते ७ दिने सुचना प्रकाशित गरी नियम अनुसार प्रकृया अगाडि बढाउने निर्णय गरियो । साथै प्राविधिक शाखाका लागि आवश्यक सामाग्री खरिद गर्न खरिद एकाईलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

सामाजिक विकास समितिबाट मिति २०७४ माघ ८ गते भएका निर्णयहरुलाई यस नगर कार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने निर्णइ गरियो ।

**निर्णय नं. ६.**

यस नगर कार्यपालिकामा कार्यरत प्राविधिक कर्मचारी, विषयगत इकाईका कर्मचारीका लागि जम्मा ७ (सात) वटा ल्याप्टप खरिद गर्ने र सुचना प्रविधिको कार्य अगाडी बढाउन कार्यविधिले ताके अनुसारका सामाग्री खरिद गरि यथाशिर्घ सुचना मैत्री नगरपालिका बनाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस नगरपालिका अन्तरगत खेलकुदलाई व्यवस्थित गर्ने खेलकुद विकास समिति निर्माण गर्ने निर्णय गरियो । साथै मिति २०७४ साल फागुण १ गते देखि १५ गतेको विचमा नगरकप संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस मुसिकोट नगरपालिका क्षेत्रभित्र रहेका जेष्ठ नागरिकलाई मिति २०७४ साल फागुण १ गते सम्मान गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

यस नगरपालिका क्षेत्रभित्र शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न तपशिल अनुसारको शिक्षा समिति गठन गर्ने निर्णय गरियो ।

तपशिलः

| | |
|---|---|
| १. नगर प्रमूख | -अध्यक्ष |
| २. | |
| ३. | |
| ४. प्रेम बहादुर वि.क. | -सदस्य |
| ५. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ६. | सामुदायिक विद्यालय प्राधानध्यापक |
| ७ . | संस्थागत विद्यालयबाट |
| ८. | |
| ९. | |
| १०. विनाराम खड्का | - सदस्य सचिव |

निर्णय नं. १०

यस नगरपालिका अर्न्तगत लक्षित वर्ग कार्यक्रम संचालन गर्न तपशिल अनुसारका संस्थाहरुलाई दिने निर्णय गरियो ।

**लक्षित वर्गको कार्यक्रम छनौटमा परेका संस्थाको लिष्ट**

**महिला तर्फ**

१. ड्राइभिङ तालिम- दलित महिला केन्द्र

२. लोकसेवाको पुर्व तयारी कक्षा संञ्चालनका तलिम - धनमाया स्मृति प्रतिष्ठान

३. बुटिक तालिम- शैक्षिक अनुसन्धान विकास केन्द्र

**दलित तर्फ**

१ लेवल २ सिलाई कटाई तालिम - ग्रामिण युवा सरोकार केन्द्र

**युवा तर्फ**

१, मोबाइल मर्मत - ठुलीभेरी
२, सिलाई कटाई तालिम - ठुलीभेरी
३, गाडी ड्राइभिङ तलिम - युवा विकास केन्द्र
४, पशुसेवा तालिम - गतिशिल युवा
५, हाउस वाइरिङ तालिम- युवा विकास केन्द्र
६, कम्प्युटर तालिम- गतिशिल युवा
७, सिकर्मी तालिम - युवा विकास केन्द्र

बाँकी दलित तर्फको कार्यक्रमको कुनै संस्थाबाट प्रपोजल नपरेको हुदाँ त्यसलाई पुनः ३ दिने सुचना जारी गर्ने ।

**निर्णय नं. ११,**

रुकुम जिल्ला सल्लेमा रहेको आर्मी व्यारेक र प्रहरी कार्यालयमा व्याट्मेन्टन कोर्ट निर्माणका लागि लागत स्टमेट भई आएको मूल्यांकन गरी आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२,**

यस मुसिकोट नगरपालिकाका नगर प्रमूखको प्रत्यक्ष नियन्त्रणमा संचालन गरिएका तपशिल अनुसारका कामहरुको आवश्यक विल भरपाई संकलन गरी नियम अनुसार भुक्तानी दिने निर्णय गरियो ।

**तपशिलः**

१. कार्यलय भवन मर्मत खर्च
२. मानसिक सन्तुलन विग्रीएकाहरुको खर्च (चितवन पढाउन)
३. नगर पालिका ग्राउण्ड निर्माण

**निर्णय नं. १३**

ब्रहम कमारी विश्वविद्यालयलाई भवन निर्माण गर्न आर्थिक सहयोग वापत रु. ५०,०००।- (पचास हजार रुपैया) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

यस नगर कार्यपालिका अन्तरगत कार्यालयमा कार्यरत कर्मचारीरुहो पारिश्रमिक एकरुपता कायम गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५,**

यस नगरपालिका वडा अन्तरगतको टोल विकास समिति गठन गर्न आवश्यक देखिएकोले गठन गर्ने निर्णय गरियो ।